# HISSAN CENTRAL EXAMINATION – 2080(2024)

**कक्षा : १२** **पूर्णाङ्क : ७५**
**समय : ३ घण्टा**

**विषय : अनिवार्य नेपाली (००२१ - M1)**

---

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ ।**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** (३)
वातावरणीय प्रदूषण एक प्रमुख समस्या हो । वातावरणीय प्रदूषणबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मानिस जीवजन्तु, वनस्पति, भूप्रकृति सबैमा असर पुऱ्याई हानि नोक्सानी जस्ता क्रियाकलाप हुन्छन् ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)
अपडेट पुरा भएपछि डङ्ग्रङ्गलडेको एन्टिभाईरस गोर्खे जुरुक्क उठ्यो । आङ वटाऱ्यो । पाखुरा फुलायेर देखाउँदै भन्यो, बुबा फेरि स्क्यान गर्नु त, म ती भाइरसलाई निमोठनामोठ बनाउँछु ।"

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)
(क) **दिइएका अंशबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
स्वाइनफ्लुको प्रकोप बढ्न थालेपछि सुँगुरहरू भटाभट मर्दै छन् । यस सङ्क्रमणको निदानका लागि समयमै ठोस कदम चाल्नु जरुरी छ । यसको प्रभावले मानिसको प्राणपखेरु पनि स्वाट्ट उड्न सक्छ ।
(ख) **दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा उखान पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
सयको लाठी एकको बोझ भने झैँ सबैले अलिअलि पेट काटेर सहयोग गर्ने हो भने समाजका दीनदुःखीहरूको कल्याण हुने निश्चित छ । आफू भलो त जगत् भलो भन्ने भावनालाई सबैले आत्मसात् गर्ने हो भने सबैले जीवनमा असल कार्यको श्रीगणेश गर्नु आवश्यक छ ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** (३)
अँ, मैले तिम्रो कुरा त बुझेँ तापनि तिमीले जीवनमा केही गरौला भन्ने लाग्दैन । खालि मिठो खाने भन्दै सधैँ अल्छी गर्ने तिमी भविष्यमा के गरेर खान्छौ होला र !

५. **तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** (२)
नेपाली महिला क्रिकेट टिमले पनि राम्रो प्रदर्शन गर्न थालेको छ । धेरै राष्ट्रिय प्रतियोगिताहरूको आयोजना गरेर महिला खेलाडीहरूलाई विश्व क्रिकेट जगत्मा परिचित गराउनु आवश्यक छ । उत्कृष्ट खेलाडीलाई नगद पुरस्कार दिने र मासिक रूपमा तलब उपलब्ध गराउने काममा सरकारले ढिलाइ गर्नुहुँदैन ।

६. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)
(क) **तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माणप्रक्रिया देखाउनुहोस् :**
विदेशमा परिश्रम गर्दै राम्रो कमाइ गरेर धेरै नेपाली युवाहरूले आफ्नो घरको आर्थिक स्थिति मजबुत तुल्याएका छन् । तिनले देशको अर्थतन्त्रलाई सबल तुल्याउने काममा समेत साहसिक प्रयत्न गरेका छन् ।
(ख) **तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् :**
चौबाटामा पसलससल गरेर अनेक थरीका सरसामान बेच्दै आएका पसलेहरू पनि आर्थिक मन्दीका मारमा परेका देखिन्छन् । त्यही पसलले भरथेग गर्ला र छोराछोरी पालौँला भन्नेहरू टाउकामा हात राखेर ट्वाल्ल परेका देखिन्छन् । गाउँगाउँसम्म पनि मन्दीको प्रभाव पर्दा धेरै मानिस अनेक झैझमेलामा पर्न गई जीवनमरणका दोसाँधमा रहेका छन् ।

७. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **ले, लाई, द्वारा, बाट, देखि, को, नो, मा विभक्ति लागेका भिन्नभिन्न कारकको प्रयोग भएका चार वाक्यमा आफूले भोगेको कुनै समस्याका बारेमा वर्णन गर्नुहोस् ।**
(ख) **तलका वाक्यलाई सामान्य आदरमा परिवर्तन गर्नुहोस् :**
तपाईं हिजो कहाँ जानुभएको थियो ? आज पनि कतै जानुहुन्छ कि ? अहिलेको यस्तो डरलाग्दो समयमा बाहिरतिर ननिस्कनुहोस् है । घरभित्र बसेर योग गर्नुहोस् ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **सामान्य भूत कालीन क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो भाइका बारेमा वर्णन गर्नुहोस् ।**
(ख) **तल दिइएका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**
तिमीले के के खायौ ? मैले बाहिरै खाना खाएँ । आमाले खाना पकाउनुभएनछ । दाइ भोकै सुत्नुभयो ।

९. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

**(क) तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् :**

तिमीलाई चियाबगानको सुन्दर दृश्य हेर्न मन छ भने इलाम जाऊ । इलाम चियाका लागि प्रसिद्ध ठाउँ हो किनभने त्यहाँ चियाको उत्पादन निकै हुन्छ । चियाबारीले इलामको सौन्दर्य बढाएको छ तसर्थ धेरै पर्यटकहरू इलाम जान्छन् । तिमी एक पटक इलाम जाऊ है भनेर साथीले मलाई भन्दै थियो ।

**(ख) तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

कल्पना, "रमा ! तिमी आज कहाँ जान्छ्यौ ?"

रमा, "म आज सिनेमा हेर्न जान्छु ।"

कल्पना, "अहिले कुन सिनेमा चल्दै छ ?"

रमा, "बाह्र फेल भन्ने सिनेमा चल्दै छ ।"

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (५)

समाचार भन्नाले सामान्यतः हालखबर वा नयाँ घटनाको विवरण भन्ने बुझिन्छ । त्यसैले रेडियो, टिभी जस्ता श्रव्यदृश्य माध्यमबाट प्रसारित वा पत्रिका आदि छापामाध्यमबाट प्रकाशित घटनाका ताजा विवरण समाचार हुन् । समाजमा घट्ने घटनाको विवरण भएकाले समाचार मानिसको पहुँचभित्रको विषय हो । समाचारका विषय राजनीति, शिक्षा, खेलकुद, व्यापार, वाणिज्य, संस्कृति आदि जुनसुकै हुन सक्छन् । यसरी जुनसुकै विषय समाचार बन्न सक्ने भए पनि कुनै पनि विषय आफैँमा समाचार भने हुँदैन । जुन कुराले पाठक वा श्रोताको ध्यान आकर्षित गर्छ र नयाँ सूचना सम्प्रेषण गर्छ त्यस्तो विषयवस्तु समाचार बन्छ । समाचारका बारेमा भन्ने गरिन्छ - "कुकुरले मान्छेलाई टोक्नु समाचारको विषय बन्न सक्दैन तर मान्छेले कुकुरलाई टोक्यो भने त्यो समाचार बन्छ ।" समाचारलाई रोचक बनाउने भन्दैमा यथार्थलाई परित्याग गर्न चाहिँ पूर्णतः वर्जित छ । समाचार सम्प्रेषणमा संवाददाता पूरै तटस्थ रहनु राम्रो मानिन्छ । उसले आफ्नो राय विचार वा निर्णयभन्दा घटना वा सूचनाको तथ्यपरक विवरण दिए मात्र पुग्छ । समाचारको उद्देश्य आमजनतासम्म सन्देश पुर्‍याउनु हो । त्यसैले समाचारको भाषा सकेसम्म सरल हुनुपर्छ । समाचारमा छोटा छोटा वाक्य प्रयोग गर्नु राम्रो मानिन्छ । यस्ता वाक्यमा अनावश्यक विशेषण वा क्रियाविशेषण प्रयोग गर्नु राम्रो मानिँदैन । त्यसैले समाचारको शैली विशिष्ट हुन्छ । यही शैलीगत वैशिष्ट्यकै आधारमा समाचारलाई घटनापरक, प्रक्रियापरक र फिचर गरी तीन प्रकारमा वर्गीकरण गरिन्छ । घटनाप्रधान समाचार प्रायः दृश्य विवरणमा केन्द्रित हुन्छ । यस्तो समाचारमा को ? के ? कहाँ ? किन ? कसरी ? जस्ता प्रश्नको उत्तर खोज्ने प्रयास गरिन्छ । प्रक्रियापरक समाचारमा घटनाको सरसरती वर्णन मात्र नगरी तथ्यको विस्तृत व्याख्या, त्यसको पृष्ठभूमि र परिणामका बारेमा पनि उल्लेख गरिएको हुन्छ । फिचरमा चाहिँ कुनै खास घटना वा तथ्यलाई कलात्मक बनाएर प्रस्तुत गरिन्छ । यसैले फिचर अन्य दुई किसिमका समाचारभन्दा बढी साहित्यिक हुने गर्छ । समग्रमा भन्दा सत्यता, विश्वसनीयता, नवीनता, रोचकता, सन्तुलन, भाषिक सरलता, स्पष्टता र मिठास समाचारका विशेषता हुन् ।

**प्रश्नहरू**

(क) समाचारका विषय के के बन्न सक्छन् ?

(ख) समाचारमा कस्तो भाषाको अपेक्षा गरिन्छ ?

(ग) फिचर कस्तो प्रकारको समाचार हो ?

(घ) घटनापरक समाचार र प्रक्रियापरक समाचारमा के कस्तो भिन्नता पाइन्छ ?

(ङ) समाचारका विशेषता के के हुन् ?

११. **दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** (२+३=५)

कविता विचार र भावनाको लयबद्ध कलात्मक भाषिक अभिव्यक्ति हो । त्यसैले कविताको संरचनामा विचार वा भावना, लय र भाषा संरचकका रूपमा रहेका हुन्छन् । यी तीन संरचकमध्ये विचार वा भावना र भाषा साहित्यका अन्य विधा कथा, उपन्यास, निबन्ध आदिको संरचनामा पनि रहन्छन् । त्यसैले विचार एवम् भाषा कविता र अन्य विधाका साझा संरचक हुन् भने लय चाहिँ कवितामा मात्र रहने भएकाले यो कविताको विधा परिचायक संरचक हो । लयकै कारण कवितामा गेयात्मकता हुन्छ । लयकै आधारमा कविता गद्य कविता, पद्य कविता र लोककविता गरी तीन प्रकारका छन् । गजल र गीत पनि पद्य कविताकै भेद हुन् । पद्य कविताको लघुरूप मुक्तक हो । पूर्वापर सन्दर्भबाट मुक्त र आफैमा पूर्ण एउटा श्लोक पनि मुक्तक हो । प्रगीतात्मक हुने भएकाले यो पद्य कविताअन्तर्गत पर्छ । गद्य कविता मुक्त लयमा संरचित हुन्छ । यसमा पद्य कविताको जस्तो नियमित नभई स्वतन्त्र लय हुन्छ । पद्य कविता, गीत र गजल बद्धलयमा संरचित हुन्छन् । लोकगीत र लोककविता चाहिँ लोकलयमा संरचित विधा हुन् । पद्य कविता र गजलमा लयको काम छन्दले गरेको हुनाले यिनलाई छन्दोबद्ध कविता पनि भनिन्छ । गजलमा प्रयोग गरिने छन्दलाई बहर भनिन्छ । छन्द र बहरको ढाँचा फरक फरक हुने भएकाले पद्य कविता र गजलको संरचनामा भिन्नता हुन्छ ।

१२. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) आफ्नो टोलमा पक्की सडक नहुँदा पर्न गएको समस्याबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराइदिन अनुरोध गर्दै कुनै पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् ।

(ख) राष्ट्रिय वाणिज्य बैङ्कले कार्यालय सञ्चालनका लागि घर भाडामा लिँदा घरधनीसँग गर्ने सम्झौता पत्रको नमुना तयार गर्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (५)

(क) विद्यालयका तर्फबाट आयोजना गरिएको शैक्षिक भ्रमणको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'नेपाली विद्यार्थीमा बढ्दो विदेशमोह' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** (४)

(क) त्यो आएपछि तिमी यसरी
मेरो काखमा आएर घोप्टिने छैनौ
सत्य कुरालाई तिमी यसरी
चुम्बकिएर कथा सुने झैँ सुन्ने छैनौ

(ख) सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नीमान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ?

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

**(क) दिइएको नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

साँच्चै नै बाटामा एउटा खोलो रहेछ । त्यहाँ मन ढक्क फुल्यो । खोलो वास्तवमा मसानघाट हो किनभने मरेका मानिसलाई खोलाकै किनारमा जलाउँछन् । त्यसै हुनाले खोलो भन्ने बित्तिकै दिउँसै पनि मेरो सातोपुत्लो उड्छ भने रातीको त कुरै भएन । त्यहाँबाट केही उकालो लागेपछि नै रमाइलो डाँडो टुप्लुक्क देखापऱ्यो जसमा बाटामा दुवैतिर पन्ध्र-सोर ढुङ्गाले छाएका घर थिए । घर सबै बन्द थिए । एक दुई घरका बाहिरपट्टि सिकुवामा मान्छे सुतिरहेका थिए ।

**प्रश्नहरू**

(अ) खोलो देखेपछि नियात्राकारको मन किन ढक्क फुल्यो ?

(आ) यहाँ के कस्तो पहाडी परिवेशको चित्रण गरिएको छ ?

**(ख) दिइएको जीवनी अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हकिङले पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । त्यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज हुन् तर यिनीहरूको स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरूले सजिलै गर्न सक्छन् । त्यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहोऱ्याइरहन्थे ।

**प्रश्नहरू**

(अ) पृथ्वीमा मानव जीवन खतरामा पर्नाका कारण के के हुन् ?

(आ) हकिङले मानिसलाई किन कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुन आग्रह गरेका हुन् ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) 'विरहिणी दमयन्ती' कथामा दमयन्तीले किन नललाई खोजेकी हुन् ? प्रतिक्रिया लेख्नुहोस् ।

(ख) 'सहकारीमा एक एक थोपा जम्मा गरी गाग्रो भर्ने सुविधा छ' भन्ने भनाइप्रति तपाईं कत्तिको सहमत हुनुहुन्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) 'एक चिहान' उपन्यासका आधारमा डाक्टर गोदत्तप्रसादका चरित्रिक विवेशताहरू के कस्ता छन् ? समीक्षा गर्नुहोस् ।

(ख) 'हामीलाई बोलाउँछन् हिमचुली' कविताले दिएको सन्देश के हो ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) मेरो देश : मेरो पहिचान

(ख) देशको विकासमा पर्यटन व्यवसायको भूमिका

(ग) नेपालमा क्रिकेट खेलको सम्भावना

**** समाप्त ****